Contact: Mukunda Aryal
Rastriya Banijya Bank Ltd.
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Singhadurbar Plaza
Kathmandu

**Rastriya Banijya Bank Ltd.**

# Press Release

## राष्ट्रिय वाणिज्य बैंक : प्रथम त्रैमासको मुनाफा २६ करोड

पूर्ण सरकारी स्वामित्वमा संचालित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले चालु आर्थिक वर्षको प्रथम त्रैमासमा रु २५ करोड ९२ लाख ७६ हजार खुद मुनाफा आर्जन गरेको छ। यो मुनाफा गत वर्षको यसै अवधिको रु २० करोडको तुलनामा २९ प्रतिशतले बढी छ। संचालन लागत नियन्त्रण तथा व्यवसाय अभिबृध्दि निम्ति बैंकले अपनाएको कार्यनीति कार्यान्वयनको फलस्वरुप बैंकको संचालन मुनाफामा गत वर्षको यसै अवधिको रु ८ करोड ६० लाखको तुलनामा ११४.४७ प्रतिशतले बृध्दि भै रु १८ करोड ४४ लाख पुगेको छ। बैकले निक्षेपतर्फ करिव ६ प्रतिशतले बृध्दि हासिल गरी रु ९२ अर्ब ७८ करोड पुर्‍याएको छ भने कर्जा तथा लगानी तर्फ क्रमशः १८ प्रतिशत र १९ प्रतिशत ले बृध्दि हासिल गरी रु ४८ अर्ब ६६ करोड र रु ३५ अर्ब ६ करोड पुरयाएको छ।

गत वर्षको यस अवधिमा बैंकको खुद सम्पत्ति २ अर्ब ६० करोडले ऋणात्मक रहेकोमा पुंजी योजना कार्यान्वयन र आर्थिक वर्षको मुनाफाको फलस्वरुप १ अर्ब ७४ करोडले धनात्मक भएको छ। बैंकको निष्कृय कर्जा कुल कर्जा अनुपात ५.५५ प्रतिशत रहेको छ भने आधार दर ६.३७ प्रतिशत रहेको छ। राष्ट्रिय वाणिज्य बैंकले देशभरका ६४ जिल्लामा कुनै पनि शाखा बैंकिंग सेवा ( एबिविएस ) सहितका १४७ शाखा कार्यालय, १० वटा काउन्टर ९ वटा ब्रान्चलेस बैकिंग मार्फत १७ लाख बढी ग्राहकलाई बैकिंग सेवा पुरयाउदैआएको छ। यस बैकका ५० स्थानमा आफनै एटिएम आउटलेट् रहेका छन्।

**Release November 26, 2013**